संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या - २५
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल असार १० गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको १२:४० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले काठमाडौं एक म्यानपावर कम्पनीले प्रतिव्यक्ति ६ लाख ५० हजार लिएर १५ जना व्यक्तिलाई वेलग्रेड पठाएको तर त्यहाँ सरोकारवालाले लिन नआएपछि विमानस्थलबाटै पाँचजना व्यक्तिलाई फर्काइएको साथै बाँकी १० जना वेलग्रेड विमानस्थलमा अलपत्र परेकोले यस सन्दर्भमा सम्बन्धित निकायले तत्काल ध्यान दिनुपर्ने, तराईका जिल्लाहरुमा अपराधिक घटनाहरु बढ्दै गएको साथै अज्ञात समूहले चोरी गर्ने मिति नै तोकेर पर्चा टाँसेर डर त्रास फैलाउने कार्य गरिहेको तर प्रहरी प्रशासनले त्यहाँका जनतालाई सुरक्षाको अनुभुति दिलाउन नसकेको, सिन्धुपाल्चोकको विभिन्न स्थानमा वर्षाका कारण पुल बगाउँदा जनजीवन कष्टकर भएको, १७ वर्ष अगाडी तोकिएको सेवा सुविधा पुनर्विचार गरियोस् भन्ने माग सहित विगत २० दिनदेखि संघीय संसद सचिवालयका आन्दोलनमा रहेका कर्मचारीहरुको मागलाई तत्काल सम्बोधन गर्नुपर्ने, सरकारले गरेको सुपारी निर्यात प्रतिवन्धका कारण सुपारी किसानहरु समस्यामा परेकोले तत्काल सुपारी निर्यात गर्ने प्रवन्ध मिलाउनु पर्ने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० धनराज गुरुङ
२. मा० सम्झना थपलिया
३. मा० माधव सापकोटा
४. मा० मनिष झा
५. मा० रामकृष्ण यादव
६. मा० रमा कोइराला पौडयाल

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो भनाइ राख्नुभयो:-

१. मा० ठाकुर प्रसाद गैरे
२. मा० डिग बहादुर लिम्वु
३. मा० तारा लामा तामाङ
४. मा० तेजुलाल चौधरी
५. मा० डा० तोसिमा कार्की
६. मा० दामोदर पौडेल बैरागी
७. मा० दिपक खड्का
८. मा० दिपा शर्मा
९. मा० दुर्गा राई
१०. मा० दिलेन्द्रप्रसाद बडू
११. मा० देवप्रसाद तिमलसेना
१२. मा० देवेन्द्र पौडेल
१३. मा० ध्रुवबहादुर प्रधान
१४. मा० नागिना यादव
१५. मा० नारायण प्रसाद आचार्य
१६. मा० नारायणी शर्मा
१७. मा० निर्मला कोइराला
१८. मा० निशा डागी
१९. मा० नैनकला थापा
२०. मा० पुष्पबहादुर शाह
२१. मा० पूर्णबहादुर घर्ति मगर
२२. मा० प्रतिमा गौतम
२३. मा० प्रतिक्षा तिवारी
२४. मा० प्रदिप पौडेल
२५. मा० प्रभु हजरा
२६. मा० प्रेमबहादुर महर्जन
२७. मा० प्रेम सुवाल
२८. मा० बद्रीप्रसाद पाण्डे
२९. मा० बासुदेव घिमिरे
३०. मा० बिन्दवासिनी कांसकार
३१. मा० विनिता कठायत

तत्पश्चात् सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोर पढेर सुनाउनु भयो ।

(क) माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप यादव संयुक्त राज्य अमेरिकामा सञ्चालन हुने **International Dialogue on Sustainable Financing for Non-communicable Diseases (NCDs) and Mental Health (The International Financing Dialouge)** मा सहभागी हुन संवत् २०८१ साल असार ६ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री ज्वालाकुमारी साहले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मिति : २०८१/०३/९ (लीलादेवी गड्तौला)
सचिव

(ख) माननीय उपप्रधानमन्त्री एवं परराष्ट्र मन्त्री नारायणकाजी श्रेष्ठ इरानको राजधानी तेहरानमा आयोजना हुने एसिया सहयोग संवाद **(Asia Cooperation Dialouge -ACD)** को १९ औं परराष्ट्र मन्त्रीस्तरीय बैठकमा सहभागी हुन संवत् २०८१ साल असार ८ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यू स्वयंले सम्हाल्नुहुने व्यहोरा अनुरोध गर्दछु ।

मिति : २०८१/०३/९ (लीलादेवी गड्तौला)
सचिव

तदुपरान्त संघीय संसदका महासचिव पद्म प्रसाद पाण्डेयले राष्ट्रिय सभामा उत्पत्ति भएको "सुरक्षित कारोवार (पहिलो संशोधन) विधेयक, २०८०" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक टेबुल गर्नुभयो ।

त्यसपछि विनियोजन विधेयक, २०८१ अन्तर्गत विभिन्न मन्त्रालयहरुसँग सम्बन्धित विभिन्न शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम अन्तर्गत मिति २०८१ असार ५ गतेको बैठकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्बन्धमा माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीले दिनुभएको जवाफको सम्बन्धमा माननीय सदस्यहरुले सोध्नुभएको स्पष्टीकरणको सम्बन्धमा माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप यादवले स्पष्ट पार्नुभयो ।

तत्पश्चात् माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीले उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले सोध्नुभएको स्पष्टीकरणको जवाफ दिनुभयो:-

१. मा० ध्रुव बहादुर प्रधान
२. मा० प्रेम सुवाल
३. मा० सिता मिजार
४. मा० शान्ती वि.क.
५. मा० सम्झना थपलिया
६. मा० डा० चन्दा कार्की (भण्डारी)
७. मा० जावेदा खातुन जागा
८. मा० बिन्दबासिनी कांसकार
९. मा० निशा डागी
१०. मा० रामकृष्ण यादव
११. मा० किरण कुमार साह

त्यसपछि माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङले सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त माननीय सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङले उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले सोध्नुभएको स्पष्टीकरणको जवाफ दिनुभयो:-

१. मा० रोसन कार्की
२. मा० प्रेम सुवाल
३. मा० दिलेन्द्र प्रसाद बडू
४. मा० प्रतिक्षा तिवारी
५. मा० मानबीर राई
६. मा० शिव नेपाली
७. मा० जावेदा खातुन जागा
८. मा० प्रेम बहादुर महर्जन
९. मा० सम्झना थपलिया
१०. मा० ठाकुर प्रसाद गैरे
११. मा० सोबिता गौतम

तत्पश्चात् माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भानुभक्त जोशीले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भानुभक्त जोशीले उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले सोध्नुभएको स्पष्टीकरणको जवाफ दिनुभयो:-

१. मा० रामकृष्ण यादव
२. मा० प्रेम सुवाल
३. मा० रण कुमारी बलम्पाकी मगर
४. मा० विजुला रायमाझी
५. मा० मुक्ता कुमारी यादव

त्यसपछि माननीय उर्जा, जलस्रोत तथा सिंचाई मन्त्री शक्तिबहादुर बस्नेतले उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त माननीय उर्जा, जलस्रोत तथा सिंचाई मन्त्री शक्तिबहादुर बस्नेतले उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले सोध्नुभएको स्पष्टीकरणको जवाफ दिनुभयो:-

१. मा० रामहरि खतिवडा
२. मा० सरस्वती बजिमय
३. मा० मुक्ता कुमारी यादव
४. मा० प्रेम सुवाल
५. मा० रामप्रकाश चौधरी
६. मा० रामकृष्ण यादव
७. मा० श्याम कुमार घिमिरे
८. मा० हितराज पाण्डे
९. मा० दिपक खड्का
१०. मा० राजेन्द्र कुमार के.सी.
११. मा० दामोदर पौडेल वैरागी
१२. मा० रण कुमारी बलम्पाकी मगर
१३. मा० नैनकला थापा
१४. मा० प्रेम बहादुर आले
१५. मा० कल्पना चौधरी

तत्पश्चात् माननीय अर्थ मन्त्री वर्षमान पुनले अर्थ मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त माननीय अर्थ मन्त्री वर्षमान पुनले उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले सोध्नुभएको स्पष्टीकरणको जवाफ दिनुभयो:-

१. मा० रामहरि खतिवडा
२. मा० श्याम कुमार घिमिरे
३. मा० रोसन कार्की
४. मा० रामकृष्ण यादव
५. मा० मुक्ता कुमारी यादव
६. मा० प्रेम सुवाल
७. मा० नैनकला थापा
८. मा० रण कुमारी बलम्पाकी मगर
९. मा० विजुला रायमाझी
१०. मा० हरि ढकाल
११. मा० प्रेम बहादुर आले

त्यसपछि माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री रवि लामिछानेले गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री रवि लामिछानेले उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले सोध्नुभएको स्पष्टीकरणको जवाफ दिनुभयो:-

१. मा० रघुजी पन्त
२. मा० रामहरि खतिवडा
३. मा० विना लामा
४. मा० प्रदिप पौडेल
५. मा० रोसन कार्की
६. मा० ज्ञान बहादुर शाही
७. मा० बुद्धिमान तामाङ
८. मा० बद्रि प्रसाद पाण्डे
९. मा० रामकृष्ण यादव
१०. मा० दिलेन्द्र प्रसाद बडू
११. मा० तेजुलाल चौधरी
१२. मा० अमनलाल मोदी
१३. मा० प्रेम बहादुर आले
१४. मा० रन्जु कुमारी झा
१५. मा० माधव सापकोटा
१६. मा० नागिना यादव
१७. मा० प्रेम सुवाल
१८. मा० अब्दुल खान
१९. मा० तारा लामा तामाङ

तत्पश्चात् सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८१ अन्तर्गत परराष्ट्र मन्त्रालय सम्बन्धी विभिन्न शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री शक्ति बहादुर बस्नेत बैठकमा उपस्थित हुने जानकारी प्राप्त भएको व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु हुँदा माननीय रामहरि खतिवडाले आपत्ति जनाउनु हुँदै परराष्ट्र मन्त्रालयको कार्यभार प्रधानमन्त्रीले सम्हाल्ने भन्ने पत्र आजैको वैठकमा जानकारी गराइएकोले तोकिएको मन्त्री बाहेक अर्को मन्त्रीले जावाफ दिनु उपयुक्त नभएको भन्नुभयो ।

त्यसपछि माननीय रघुजी पन्तले संसदीय प्रणालीमा मन्त्री सधै संसदप्रति जवाफदेही हुनुपर्ने र विनियोजन विधेयकको छलफलमा सम्बन्धित मन्त्रीले नै जवाफ दिनुपर्छ भन्नुभयो । त्यसैगरी माननीय प्रदिप पौडेलले विनियोजन विधेयकको छलफल मन्त्रालयसँग सम्बन्धित हुने भएकोले आकस्मिक रुपमा कार्यवाहक सम्हालेको मन्त्रीलाई उक्त मन्त्रालयको बारेमा जानकारी नहुन सक्छ त्यसैले सम्बन्धित मन्त्रीले नै विनियोजन विधेयक अन्तर्गतको छलफलको जावाफ दिनुपर्छ भन्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आजको दैनिक कार्यसूचीमा रहेको परराष्ट्र मन्त्रालयको जवाफ सम्बन्धी कार्यक्रमसूचीबाट हटाइएको व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात् माननीय उपप्रधानमन्त्री एवं भौतिक पुर्वाधार तथा यातायात मन्त्री रघुबीर महासेठले भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त माननीय उपप्रधानमन्त्री एवं भौतिक पुर्वाधार तथा यातायात मन्त्री रघुबीर महासेठले उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले सोध्नुभएको स्पष्टीकरणको जवाफ दिनुभयो:-

१. मा० रामहरि खतिवडा
२. मा० अमनलाल मोदी
३. मा० बुद्धिमान तामाङ
४. मा० प्रदिप पौडेल
५. मा० दिलेन्द्र प्रसाद बडू
६. मा० तेजुलाल चौधरी
७. मा० प्रेम सुवाल
८. मा० बद्री प्रसाद पाण्डे
९. मा० रामकृष्ण यादव
१०. मा० दिपक गिरी
११. मा० रन्जु कुमारी झा
१२. मा० प्रेम बहादुर आले
१३. मा० ऐन बहादुर शाही ठकुरी
१४. मा० नारायण प्रसाद आचार्य

त्यसपछि सम्माननीय सभामुखले आजको दैनिक कार्यसूचीमा रहेको बाँकी कार्यक्रमहरु भोलीको बैठकमा हुने गरी सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०८१ साल असार ११ गते मंगलबार बिहान ११:०० बजे बस्नेगरी बैठक बेलुका ९:२० बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव